# हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ
कोशी प्रदेश
नेपाल

स्थानीय राजपत्र

खण्डः १० संख्याः १ मितिः २०८३/०३/२७

**भाग-१**

# हलेसी तुवाचुङ नगरपालिका दुर्छिम, खोटाङको आर्थिक ऐन, २०८३

# हलेसी तुवाचुङ नगरपालिका दुर्छिम, खोटाङको आर्थिक ऐन, २०८३

**प्रस्तावना:** हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन र आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२)ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम **हलेसी तुवाचुङ नगरपालिको नगरसभा**ले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८३**" रहेको छ ।

(२) यो **ऐन २०८३ साल श्रावण १ गते** देखि **हलेसी तुवाचुङ नगरपालिका** क्षेत्रमा लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले **हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन, २०८३** सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले **हलेसी तुवाचुङ नगरकार्यपालिका** सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले **हलेसी तुवाचुङ नगरपालिका** सम्झनु पर्दछ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका वा नभएका जुनसुकै फर्म सम्झनुपर्दछ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन वमोजिम क रतिर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्ति सम्झनुपर्दछ।

(च) "सभा" भन्नाले **हलेसी तुवाचुङ नगरपालिकाको** नगरसभा सम्झनु पर्दछ ।

(छ) "संविधान" भन्नाले **नेपालको संविधान,२०७२** लाई सम्झनु पर्दछ ।

**३. सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र **अनुसूची (१)** बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ । तथा नगरपालिकाले एकिकृत सम्पत्तिकर समेत लागु गर्न सक्नेछ ।

**४.भूमि कर (मालपोत)**: नगरपालिका क्षेत्रभित्र **अनुसूची (२)** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**५.घर/जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची (३)** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**६. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूची (४)** मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।साथै नगरपालिकाको व्याकहोलोडर र स्काभेटर नगरपालिकाको क्षेत्रभित्र भाडामा दिदा **अनुसुची (४)** मा व्यवस्था भए बमोजिम हुनेछ ।

**७. सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची (५)** बमोजिम सवारी साधन कर लगाइने र उक्त कर सम्बन्धित प्रदेशले असुल गरि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत नगरपालिकाको सँचित कोषमा बाँडफाड गरिनेछ ।

**८. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची(६)** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा बाँडफाँड गरिनेछ ।

**९. मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुनेमनोरञ्जन व्यवसाय सेवामा **अनुसूची (७)** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४

बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा बाँडफाँड गरिनेछ ।

१०.**व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची (८)** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

११.**रेडियो/एफ.एम.सञ्चालन दस्तुरः** नगरपालिका क्षेत्रभित्र कुनै पनि रेडियो एफ.एम. सञ्चालन गरे बापत **अनूसूची (९)** बमोजिमको कर लगाइनेछ ।

१२.**जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची (१०)** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१३. **सरकारी सम्पत्ति बहालः** सरकारी सम्पत्ति बहाल भाडा सम्बन्धी **अनुसूची (११)** बमोजिमको कर लगाइनेछ ।

१४.**पार्किङ शुल्कः**नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची (१२)** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१५.**पर्यटन प्रवेश शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान,पार्क, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा,संग्रहालय जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट **अनुसूची (१३)** मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१६. **निकासी शुल्कः** नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका कृषिजन्य, पशुजन्य तथा दहत्तर बहत्तर,प्राकृतिक श्रोत, वस्तु वा सेवा विक्रि तथा निकासी सेवा शुल्कढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवं खानी जन्य वस्तुहरुको बिक्रि तथा निकासी शुल्क **अनुसूची (१४ क, ख)** बमोजिम निकासी शुल्क लगाइने र असूल उपर गरिनेछ।यसरी कर संकलन गर्दा नियमानुसार बाँडफाड गर्नु पर्ने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा बाँडफाँड गरिनेछ ।

१७.**सरसफाइ शुल्कः** नगरपालिका क्षेत्रभित्र होटल पसल तथा अन्य व्यवसायि र मन्दिर तथा मन्दिर परिसरबाट देहाय बमोजिम सरसफाइ गरेवापत **अनुसूचि (१५को क, ख)** बमोजिम सरसफाइसेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१८.**प्रशासनिक सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूची (१६)** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१९. **दण्ड जरिवाना तथा छुटः-** नगरपालिका क्षेत्रभित्र **अनुसूची (१७)** बमोजिमको दण्ड जरिवाना तथा कर छुट हुनेछ ।

## अनुसूची-१
### (दफा ३ संग सम्बन्धित)
### सम्पत्ति कर (राजश्व शीर्षक-११३११)

सम्पत्ति कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूची-१७ बमोजिम जरिवाना लिइनेछ ।

| क्र.स. | घरधुरी कर | दर (रु) |
|---|---|---|
| १ | एक तले कच्ची प्रति घर | ५०.०० |
| २ | एक तले पक्की प्रति घर | ३००.०० |
| ३ | दुई तले कच्ची प्रति घर | १००.०० |
| ४ | दुई तले पक्की प्रति घर | ५००.०० |
| ५ | तीन तले वा सो भन्दा माथी कच्ची प्रति घर | १५०.०० |
| ६ | तीन तले वा सोभन्दा माथि पक्की प्रति घर | १५००.०० |

## अनुसूची-२
### (दफा ४ संग सम्बन्धित)
### भूमिकर/मालपोत(राजश्व शीर्षक-११३१४)

भूमिकर/मालपोत कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूची -१७ बमोजिम जरिवाना लिने ।

| क्र.सं. | बारी/खेत | दर (रु) |
|---|---|---|
| १ | ५ रोपनी वा सो भन्दा कम जग्गा एकमुष्ठ | ८०.०० |
| २ | ५ रोपनी भन्दा बढी १० रोपनी भन्दा कम जग्गा एकमुष्ठ | १२०.०० |
| ३ | १० रोपनी भन्दा बढी २० रोपनी भन्दा कम जग्गा एकमुष्ठ | १९०.०० |
| ४ | २० रोपनी भन्दा बढी जग्गा | प्रतिरोपनी १४.०० |

## अनुसूची-३
### (दफा ५ संग सम्बन्धित)
### घर/ जग्गा बहाल कर(राजश्व शीर्षक-११३२१)

नगरपालिकाको क्षेत्र भित्र रहेका स्थायी संरचनाहरु (घर, गोदाम, कम्पलेक्स आदि) भाडामा लगाउँदा प्राप्त आयमा देहाय बमोजिमका दरले घर/जग्गा बहाल कर लाग्नेछ ।

| | नगरपालिका क्षेत्र भित्रको घर पसल, ग्यारेज, गोदाम, टहरा, सेड, छप्पर, कारखाना वा पोखरी पुरै वा आंशिक रुपमा कसैलाईवहालमा दिएकोमा घर धनी र वहालमा बस्ने मध्ये कुनै एक पक्षबाट असुल गरिने | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **दररेट** | **कैफियत** |
| १ | वहालमा लिंदा दिंदा सम्झौताको उल्लिखित रकमको। | १० प्रतिशत | |

**(जग्गा बहाल कर)**

| | नगरपालिका क्षेत्र भित्रको जग्गा वा पुरै वा आंशिक रुपमा कसैलाईवहालमा दिएकोमा जग्गा धनी र बहालमा लिने मध्ये कुनै एक पक्षबाट असुल गरिने | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **दररेट** | **कैफियत** |
| १ | वहालमा लिंदा दिंदा सम्झौताको उल्लिखित रकमको । | १०प्रतिशत | |

**अनुसूची -४**
**(दफा ६ संग सम्बन्धित)**
**बहाल बिटौरी शुल्क (राजश्व शीर्षक-११३२२)**

नगरपालिका क्षेत्र भित्र लाग्ने दैनिक तथा साप्ताहिक हाटबजार तथा मेलामा प्रति दिन देहाय बमोजिमका दरले कर लाग्नेछ :

| क्र.सं. | विवरण | दर (रु) |
|---|---|---|
| | **माछा मासु बिक्री सम्बन्धी** | |
| १ | खसी, बोका काटी बिक्रि गर्दा प्रति गोटा | २०.०० |
| २ | सुंगुर बुंगुर काटी बिक्रि गर्दा प्रति गोटा | २०.०० |
| ३ | रांगा काटी बिक्रि गर्दा प्रति गोटा | ५०.०० |
| ४ | जिउँदो खसी, बोका, सुंगुर वा रांगा बेच्ने प्रति गोटा | २०.०० |
| ५ | हाँस, परेवा वा कुखुरा वा अन्य पंक्षी बेच्ने प्रति गोटा | १०.०० |
| ६ | माछा बिक्रीमा प्रति के.जि. | २०.०० |
| | **कपडा, जुत्ता तथा अन्य व्यवसाय सम्बन्धी** | |
| ७ | रेडिमेड सामान तथा थान कपडा बिक्रि गर्ने | १०.०० |
| ८ | श्रृंगार सामग्री बिक्री गर्ने | १०.०० |
| ९ | मुरली, वांसुरी, गुलेली, थैली तथा कीटनाषक औषधी बेच्ने | १०.०० |
| १० | खेलौना बेच्ने | १०.०० |
| ११ | जुत्ता चप्पल बिक्रि गर्ने | १०.०० |
| १२ | जुत्ता चप्पल सिलाई गर्ने | ५.०० |
| १३ | खेल तमासा देखाउने | १०.०० |
| १४ | प्रचार प्रसार गरि बिक्री गर्ने | २०.०० |
| १५ | बाँस प्रति ट्र्याक्टर | ५०.०० |
| १६ | बाँस प्रति ट्रक | १००.०० |
| १७ | खटिया वा ठेलामा सामान बिक्रि गर्ने | १०.०० |

| | | |
|---|---|---|
| १८ | फलामको औजार तथा सामान बिक्री गर्ने | १०.०० |
| १९ | भाँडाकुँडा बिक्री गर्ने | २०.०० |
| २० | फोटो फ्रेमिङ्ग गरि बिक्री गर्ने | १०.०० |
| २१ | मर्मत (कुकर, लाईट, छाता आदि) गर्ने | १०.०० |
| | तरकारी तथा फलफूल सम्बन्धी | |
| २२ | फलफुल, साग सब्जी वा नास्ता बिक्री गर्ने (ठुलो) | १०.०० |
| २३ | फलफूल, साग सब्जी ल्याई बिक्री गर्ने (सानो) | ५.०० |
| | खाद्यान्न सम्बन्धी | |
| २४ | किराना सामग्री | १०.०० |
| २५ | मकै पोली बेच्ने | ५.०० |
| | परम्परागत सीप सँग सम्बन्धित | |
| २६ | माटाका भाँडा बेच्ने (ठुलो) प्रति गोटा | १०.०० |
| २७ | माटाका भाँडा बेच्ने (सानो) प्रति गोटा | ५.०० |
| २८ | कुची कुनिया नाङ्लो बेच्ने प्रति गोटा | ५.०० |
| २९ | जडिबुटी बिक्री गर्ने प्रति गोटा | १०.०० |
| ३० | भारी सवारी साधनJCB (प्रति घण्टा) | कार्यपालिका बाट स्वीकृत स्थानीय दररेट बमोजिम |
| ३१ | भारी सवारी साधन स्काभेटर बकेट (प्रति घण्टा) | |
| ३२ | भारी सवारी साधन ट्याक्टर (प्रति घण्टा) | |
| ३३ | भारी सवारी साधन स्काभेटर ब्रेकर (प्रति घण्टा) | |

माथि उल्लेख नभएको दैनिक तथा साप्ताहिक हाटबजारमा व्यवसाय गर्नेको हकमा नगर कार्यपालिकाबाट निर्णय गरि रु १० देखि रु ५०० सम्म तोक्न सकिने ।भारी सवारी साधन भाडामा लैजादा साधन कार्यालयबाट निस्केको समय र कार्यालय भित्र आएको समयलाई आधारमानी घण्टा निर्धारण हुनेछ । भाडामा लगाईएको साधनमा ईन्धनको व्यवस्था कार्यालयले गर्ने छैन । नगरपालिकाले संचालन गरेको आयोजना तथा कार्यक्रमको लागि साधन भाडामा लैजादा कार्यालय र आयोजना संचालन हुने स्थानसम्मको दुरीका हिसावले ईन्धन खर्च कार्यालयले व्यहोर्ने छ ।

**अनुसूची-५**
**(दफा ७ संग सम्बन्धित)**
**सवारी साधन कर(राजश्व शीर्षक-११४५१)**

| **क्र.स.** | **सवारीको प्रकार** | **दर (रु)** |
|---|---|---|
| १ | ठेलागाडा तथा रिक्सामा वा तिन पाङ्ग्रे अटो दर्ता सिफारिस | **२००.००** |

**अनुसूची-६**
**(दफा ८ संग सम्बन्धित)**
**विज्ञापन कर(राजश्व शीर्षक-११४७२)**

| होडिङ्गबोर्ड, साइनबोर्ड, व्यानरबोर्ड, ग्लोसाइनबोर्ड, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतिय तरङ्ग प्रयोग गरी प्रचार प्रसारका लागि राखिने वस्तु वा सामग्री | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **एकाइ** | **दररेट** | **कैफियत** |
| १ | व्यापारिक प्रयोजन (प्रति वर्ग फिट) | (प्रति वर्ग फिट) | ४० | |
| २ | सचेतना तथा सन्देशमूलक | (प्रति वर्ग फिट) | २० | |
| ३ | लाईट बोर्ड | (प्रति वर्ग फिट) | ९० | |
| ४ | होडिङ बोर्ड | (प्रति वर्ग फिट) | ५० | |
| ५ | ग्लो साईन डि.पि.एस. बोर्ड | (प्रति वर्ग फिट) | ७० | |
| ६ | तुल ब्यानर | (प्रति वर्ग फिट) | २० | |
| ७ | भित्ते पेन्ट | (प्रति वर्ग फिट) | ३० | |

## अनुसूची -७
### (दफा ९ संग सम्बन्धित)
### मनोरञ्जन कर(राजश्व शीर्षक-११४७३)

- मनोरञ्जन कर ऐतिहासिक पुरातात्विक एवं धार्मिकस्थलहरुको व्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्य तथा ठेक्का प्रक्रिया मार्फत प्रवेश शुल्कको व्यवस्था गरी आन्तरिक तथा बाह्यपर्यटकहरु वाट प्रवेश शुल्कको ६०% रकम नगरपालिकाो ४०% रकम प्रदेश सरकारलाईपठाईनेछ ।
- साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५% मनोरञ्जन कर लाग्ने छ ।
- जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिस दस्तुरका अतिरिक्त प्रत्येक दिन रु.२५००.०० लिईने छ ।

## अनुसूची-८
### (दफा १० संग सम्बन्धित)
### व्यवसाय रजिस्ट्रेशन तथा नविकरण दस्तुर (राजश्व शीर्षक-११६१३)

| क्र.स. | विवरण | दर (रु) |
|---|---|---|
| **नयाँ व्यवसाय दर्ता** | | |
| १ | १लाख सम्मको | १०००.०० |
| २ | ५ लाखसम्म एकमुष्ट | ३०००.०० |
| ३ | १० लाख सम्म एकमुष्ट | ५०००.०० |
| ४ | २० लाख सम्म एकमुष्ट | ९०००.०० |
| ५ | ३० लाख सम्म एकमुष्ट | १४०००.०० |
| ६ | १ करोड सम्म एकमुष्ट | २००००.०० |
| ७ | ५ करोड सम्म एकमुष्ट | ३७०००.०० |
| ८ | ५ करोड माथि | ६००००.०० |
| ९ | घ वर्गको निर्माण व्यवसाय दर्ता | ८०००.०० |

| | | |
|---|---|---|
| व्यवसाय नवीकरण | | |
| ९ | सबै प्रकारका व्यवसाय नवीकरण | ००.०० |
| वार्षिक व्यवसाय कर | | |
| १० | १लाख सम्म | ८००.०० |
| ११ | ५ लाखसम्म एकमुष्ट | ११००.०० |
| १२ | १० लाख सम्म एकमुष्ट | १४००.०० |
| १३ | २० लाख सम्म एकमुष्ट | २२००.०० |
| १४ | ३० लाख सम्म एकमुष्ट | २५००.०० |
| १५ | १ करोड सम्म एकमुष्ट | ३५००.०० |
| १६ | ५ करोड सम्म एकमुष्ट | ६०००.०० |
| १७ | ५ करोड माथि | १००००.०० |
| १८ | वाणिज्य बैंक प्रति शाखा | ११०००.०० |
| १९ | विकास बैंक प्रति केन्द्रिय कार्यालय | ९०००.०० |
| २० | विकास बैंक प्रति शाखा कार्यालय | ७५००.०० |
| २१ | फाइनान्स कम्पनी, वित्तीय सहकारी संस्था मुख्य कार्यालय | ६५००.०० |
| २२ | फाइनान्स कम्पनी, वित्तीय सहकारी संस्था शाखा कार्यालय | ५०००.०० |
| २३ | लघुवित्त विकास बैंक शाखा कार्यालय | ५०००.०० |
| २४ | विमा कम्पनीहरु शाखा कार्यालय | ५०००.०० |
| २५ | मनि एक्सचेन्जर, रेमिट, | २२००.०० |
| २६ | निजी शिक्षालय कक्षा ९-१२ | १६०००.०० |
| २७ | निजी शिक्षालय कक्षा ६-८ सम्म | १२०००.०० |
| २८ | निजी शिक्षालय कक्षा ५ सम्म | ९०००.०० |
| २९ | निजी शिक्षालय मन्टेस्वरी तथा शिशु स्याहार केन्द्र | ५०००.०० |
| ३० | एजुकेसनल कन्सल्टेन्सी | ५०००.०० |
| ३१ | लेखा परीक्षण कार्यालय व्यवसाय सबै वर्ग | २२००.०० |
| ३२ | इन्जिनियरिङ कन्सल्टेन्ट सेवा | ७०००.०० |
| ३३ | घ वर्गको निर्माण व्यावसाय नविकरण | ५५००.०० |

व्यवसाय सम्बन्धि कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र माथि उल्लेख भए बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा अनुसूची-१७ बमोजिम जरिवाना लिने ।

**अनुसूची -९**

**(दफा ११ संग सम्बन्धित)**

**एफ.एम. सञ्चालन दस्तुर वार्षिक (राजश्व शीर्षक-११६१४)**

| क्र.स. | विवरण | दर (रु) |
|---|---|---|
| १ | एफ.एम. अनुमति दस्तुर | १५०००.०० |
| २ | एफ.एम. नवीकरण दस्तुर | ८०००.०० |

**अनुसूची-१०**
**(दफा १२ संग सम्बन्धित)**
**जडिबुटी, कवाडी र जीवजन्तु कर (राजश्व शीर्षक-११६३१)**

| क्र.स. | विवरण | दर (रु) |
|---|---|---|
| १ | खोटो प्रति के.जी. | २% |
| २ | टिमुर प्रति के.जी. | ५% |
| ३ | तेजपात प्रति के.जी. | ५% |
| ४ | चिउरी प्रति के.जी. | ५% |
| ५ | कुरिलो प्रति के.जी. | ५% |
| ६ | अलैची (प्रति के.जी.) | ७ % |
| ७ | चिराईतो (प्रति के.जी.) | ७ % |
| ८ | लौठ सल्लो (पात) प्रति के.जी. | ७ % |
| ९ | पाखान बेद (प्रति के.जी.) | २% |
| १० | ठूलो ओखती (प्रति के.जी.) | २% |
| ११ | पदम चाल (प्रति के.जी.) | २% |
| १२ | जटामसि (प्रति के.जी.) | २% |
| १३ | काउलो (प्रति के.जी.) | २% |
| १४ | लोक्ता (प्रति के.जी.) | २% |
| १५ | अल्लो (प्रति के.जी.) | २% |
| १६ | कवाडी सामान मुल्याङ्कन अनुसार प्रति केजी रू | २ |
| १७ | बोक्रा सहितको कच्चा दाना बुद्धचित्त प्रति केजि | २५ |
| १८ | बोक्रा रहित तयारी दाना बुद्धचित्त प्रति के जि | ५० |

**अनुसूची-११**
**(दफा १३ संग सम्बन्धित)**
**सरकारी सम्पत्ति बहाल (राजश्व शीर्षक-१४१५१)**
**सरकारी सम्पत्ति बहाल भाडा सम्बन्धमा देहाय बमोजिम रहने ।**

- स्थायी प्रकृतिका घर संरचना नगरपालिकाले निर्माण गरि मासिक रुपमा भाडामा लगाउँदा संरचना निर्माणको लागत, व्यवसायको प्रकृति, करदाताको क्षमता लगायातका पक्षहरु विश्लेषण गरि नगर कार्यपालिकाको निर्णय बमोजिम मासिक भाडा दर तोक्ने र यसरी भाडा दर तोक्दा न्यूनतम मासिक रु.१०,०००.०० भन्दा कम हुने छैन ।
- नगरपालिकाले निर्माण गरेको वडा नं. ७ को वडा कार्यालय भवनको दायाँ बाँयाका छेउ छेउका दुबै सटरको प्रति सटर रु. १०,०००.०० मासिक रहने छ ।
- नगरपालिकाले निर्माण गरेको वडा नं. ७ को वडा कार्यालय जाने सिँडिसगँ जोडिएका दायाँ बाँयाका दुबै सटरको प्रति सटर रु. ६,०००.००मासिकरहने छ ।

- नगरपालिकाको वडा नं. ७ स्थित कृषि संकलन भवनको हाईवे पट्टि फर्केका २ वटा (१ नं. र २ नं. सटर) सटरको प्रति सटर रु. १२,०००.००मासिक रहनेछ ।
- नगरपालिकाको वडा नं. ७ स्थित कृषि संकलन भवनको डाँडागुठ जाने सडक पट्टिका तिन वटा सटरको (३ नं. ४ नं. र ५ नं.सटरको) प्रति सटर रु. ६,०००.००मासिक रहनेछ ।
- रर्क गार्डेन एवम् ढुङ्गे बगैचामा बनेका संरचना रेखदेख र नियन्त्रण गर्ने एवम् उक्त संरचना प्रयोग गरे वापत वार्षिक रु.२,००,०००.०० भाडा रहनेछ ।
- माथि उल्लेखित बाहेक कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**अनुसूची-१२**
**(दफा १४ सँग सम्बन्धित)**
**पार्किङशुल्क(राजश्व शीर्षक १४२४१)**

| | | |
|---|---|---|
| पार्किङ् शुल्कः प्रतिदिन | बस, ट्रक, लरी, हेभी गाडी, टयाक्टर, जीप | १००.०० |
| | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधनप्रतिघण्टा | १०.०० |

**अनुसूची-१३**
**(दफा १५ संग सम्बन्धित)**
**पर्यटनसेवा शुल्क (राजश्व शीर्षक-१४१७६)**

**हलेसी तुवाचुङ नगरपालिकाका** धार्मिक तथा साँस्कृतिक सम्पदा र पार्कहरूमा आउने स्वदेशी पर्यटकलाई रु २० र विदेशी पर्यटकलाई रु १०० प्रवेश शुल्क लिइनेछ ।

**अनुसूची-१४(क)**
**(दफा १६ संग सम्बन्धित)**
**निकासी शुल्क (राजश्व शीर्षक-११६३१)**

हलेसी तुवाचुङ नगरपालिकाकृषि तथा पशुजन्य र अन्य वस्तुको व्यवसायिक कारोबारमा देहाय बमोजिम निकासी शुल्क लिइनेछ ।

| **क.स.** | **विवरण** | **दर (रु)** |
|---|---|---|
| १ | काठ साल/खयर गोलिया(प्रति क्यु फिट) | २५ |
| २ | काठ साल/खयर चिरान (प्रति क्यु फिट) | ३० |
| २ | कुकाठ चिरान (प्रति क्यु फिट) | ८ |
| ४ | दाउरा कुकाठ (प्रति ट्रक) | २००० |
| ५ | दाउरा कुकाठ (प्रति टयाक्टर) | १५०० |
| ६ | उतिस/लोठसल्ला (प्रति क्यु फिट) | १० |

| | | |
|---|---|---|
| ७ | पात्ले कटुस रुख (प्रति क्यु फिट) | १० |
| ८ | चिलाउने (प्रति क्यु फिट) | १० |
| ९ | बाँस (प्रति ट्रक) | १५०० |
| १० | गाई गोरु भैसी  (प्रति गोटा) | ७५ |
| ११ | गाई बाछा बाछी पाडा पाडी (प्रति गोटा) | ७० |
| १२ | खसी सुगुर बंगुर भेडा च्याङ्ग्रा (प्रति गोटा) | ६० |
| १३ | बाखा भेडा पाठापाठी सूँगर बंगुर पाठापाठी (प्रति गोटा) | ३० |
| १४ | कुखुरा, हाँस (प्रति गोटा) | १० |
| १५ | छाला ठुलो (प्रति गोटा) | ५० |
| १६ | छाला सानो (प्रति गोटा) | २५ |
| १७ | हाड सिङ खुर(प्रति के.जी.) | ५ |
| १८ | प्वाख(प्रति के.जी.) | ५ |
| १९ | गुच्छी च्याउ(प्रति के.जी.) | ५ |
| २० | केरा(प्रति घरी) | ५ |
| २१ | सुकेको बेसार(प्रति के.जी.) | १ |
| २२ | लसुन(प्रति के.जी.) | १ |
| २३ | सुन्तला(प्रति के.जी.) | ५ |
| २४ | नास्पाती(प्रति के.जी.) | ५ |
| २५ | जुनार निबुवा(प्रति के.जी.) | ५ |
| २६ | बोडा मास दालहन (प्रति के.जी.) | १ |
| २७ | आँप(प्रति के.जी.) | ५ |
| २८ | अदुवा(प्रति के.जी.) | ५०.० |
| २९ | काँचो बेसार(प्रति के.जी.) | २५.० |
| ३० | कटहर (भुई कटहर र रुख कटहर)(प्रति गोटा) | ५ |
| ३१ | तोरी र तेलहन(प्रति के.जी.) | २ |
| ३२ | पिना(प्रति के.जी.) | १ |
| ३३ | आलु(प्रति के.जी.) | १ |
| 32 | भटमास(प्रति के.जी.) | १ |
| ३५ | मकै, चामल, गँहु, कोदो, फापर(प्रति के.जी.) | ५ |
| ३६ | पिडालु(प्रति के.जी.) | ५ |
| ३७ | सख्खर(प्रति के.जी.) | ५ |
| ३८ | तित्रीइमिली(प्रति के.जी.) | ३ |
| ३९ | फर्सी(प्रति के.जी.) | १ |
| ४० | तरुलजन्य वस्तु(प्रति के.जी.) | १ |
| ४१ | लिच्ची(प्रति १००) | ५ |
| ४२ | कागती(प्रति १००) | १० |
| ४३ | बाँसको सिन्का(प्रति के.जी.) | १ |
| ४४ | मिनिरल वाटर(प्रति १०० बोतल) | १० |
| ४५ | फूल कोभी(प्रति के.जी.) | १ |

| | | |
|---|---|---|
| ४६ | भान्टा(प्रति के.जी.) | १ |
| ४७ | हरियो साग सब्जी(प्रति के.जी.) | १ |
| ४८ | टमाटर(प्रति के.जी.) | १ |

**अनुसूची-१४ (ख)**
**(दफा १६ संग सम्बन्धित)**
**निकासी शुल्क(राजश्व शीर्षक)**

| | **दहत्तर बहत्तर,प्राकृतिक श्रोत, वस्तु वा सेवा विक्रि तथा निकासी सेवा शुल्क ढुङ्गा गिट्टी वालुवा आदि प्राकृतिक एवं खानी जन्य वस्तुहरुको बिक्रि तथा निकासी शुल्क** | | | |
|---|---|---|---|---|
| १ | ढुङ्गा गिट्टी वालुवा संकलन | प्रति वर्ग/घन फिट | रु.५ | |
| २ | ढुङ्गा गिट्टी वालुवा बिक्रि | प्रति वर्ग/घन फिट | रु.७ | |
| ३ | ढुङ्गा गिट्टी वालुवा निकासी | प्रति ट्रक चारचक्के 4W | १२५० | |
| ५ | ढुङ्गा गिट्टी वालुवा निकासी | प्रति ट्याक्टर | ८०० | |
| ४ | ढुङ्गा गिट्टी वालुवा निकासी | प्रति टिपर | १८०० | |
| ५ | पत्रे ढुङ्गा निकासी | प्रति वर्ग फिट | ६ | |

**अनुसूची -१५ (क)**
**(दफा १७ संग सम्बन्धित)**
**सफाई शुल्क, दस्तुर (राजश्व शीर्षक)**

हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न वडामा रहेका होटल पसल तथा अन्य व्यापारीक क्षेत्रबाट देहाय बमोजिम सरसफाई शुल्क लिइनेछ ।

| क्र.स. | विवरण | एकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | सानो होटल (नाम सहित) | प्रति महिना | ७०० | |
| २ | ठुलो होटल (होटलको नाम तोकेर)होटल भिलेज, जाम्बला रिसोट, | प्रति महिना | २००० | |
| ३ | मझौला होटल (नाम सहित) होटल BBQ, शिब दर्शन, होटल रोयल, होटल नोर्लिङ, होटल तारा | प्रति महिना | १२०० | |
| ४ | सामान्य होटल | प्रति महिना | ३०० | |
| ५ | घर | प्रति महिना | १०० | |
| ६ | ठुला किराना पसल (रविन श्रेष्ठ, सुजन श्रेष्ठ, सविना गिरी, अन्जय चौधरी) | प्रति महिना | ७०० | |
| ७ | साना किराना पसल | प्रति महिना | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | ग्यारेज | प्रति महिना | ५०० | |
| ९ | काष्ठ उद्योग | प्रति महिना | ५०० | |
| १० | मन्दिर | प्रति महिना | ५००० | |
| ११ | परिवार लागत सरसफाइ कार्ड | प्रति महिना | ०० | |
| १२ | परिवार लागत सरसफाइ कार्ड प्रतिलिपि | प्रति गोटा | १०० | |
| १३ | डोरामाला | प्रति महिना | १०० | |

**अनुसूची -१५ (ख)**
**(दफा १७ संग सम्बन्धित)**
**सफाईसेवा शुल्क, दस्तुर (राजश्व शीर्षक)**

**हलेसी मन्दिरमा आउने भक्तजनहरूले गर्ने धार्मिक अनुष्ठानका कार्य गर्दा उत्पन्न फोहोर व्यवस्थापनका लागि देहाय बमोजिमका शुल्कहरू कायम गरि भक्तजनबाट सफाई शुल्क लिइनेछ ।**

| क.स. | विवरण | एकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | रुद्री पाठ | प्रति १ पटक | ३०० | |
| २ | लाखबत्ती | प्रति १ पटक | ५०० | |
| ३ | ब्रतबन्ध | प्रति १ पटक | १००० | |
| ४ | बिबाह | प्रति १ पटक | १५०० | |
| ५ | लघु रुद्रभिषेक | प्रति १ पटक | १५०० | |
| ६ | साँझको आरती | प्रति १ पटक | १५०० | |
| ७ | डोरामाला भाडा | प्रति महिना | १००० | |

**अनुसूची -१६**
**(दफा १८ संग सम्बन्धित)**
**प्रशासनीक सेवा शुल्क, दस्तुर (राजश्व शीर्षक-१४२२० देखि १४२४९)**

| क.सं. | राजश्व शीर्षक | विवरण | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | १४२२१ | न्यायिक समिति निवेदन दस्तुर | २५०.०० |
| २ | १४२२१ | कोर्टफी मिनाहा सिफारीस | निशुल्क |
| ३ | १४२२४ | परीक्षा शुल्क | कार्यपालिकाले तोके बमोजिम |
| ४ | १४२२९ | निवेदन दस्तुर | ००.०० |
| ५ | १४२२९ | नो अव्जेक्सन सर्टिफिकेट दस्तुर | ५००.०० |
| ६ | १४२४१ | पार्किङ्ग शुल्क (बस, ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप) | १००.०० |
| ७ | १४२४१ | पार्किङ्ग शुल्क (मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन) | १०.०० |
| | १४२४२ | नक्सा पास दस्तुर (प्रति वर्ग फिट) | |
| ८ | १४२४२ | क वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | २०.०० |

| | | | |
|---|---|---|---|
| ९ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | २५.०० |
| १० | १४२४२ | क वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | २५.०० |
| ११ | १४२४२ | ख वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | १०.०० |
| १२ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | १५.०० |
| १३ | १४२४२ | ख वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | १२.०० |
| १४ | १४२४२ | ग वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | १०.०० |
| १५ | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | १०.०० |
| १६ | १४२४२ | ग वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | ९.०० |
| १७ | १४२४२ | घ वर्गका भवन आवासीय बजार क्षेत्र(प्रति वर्ग फिट) | ७.०० |
| १८ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक बजार क्षेत्र(प्रति वर्ग फिट) | ७.०० |
| १९ | १४२४२ | घ वर्गका भवन संस्थागत बजार क्षेत्र(प्रति वर्ग फिट) | ८.०० |
| २० | १४२४२ | घ वर्गका भवन आवासीय ग्रामीण क्षेत्र(प्रति वर्ग फिट) | ३.०० |
| २१ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक ग्रामीण क्षेत्र(प्रति वर्ग फिट) | ५.०० |
| २२ | १४२४२ | घ वर्गका भवन संस्थागत ग्रामीण क्षेत्र(प्रति वर्ग फिट) | ६.०० |
| | १४२४२ | अभिलेखिकरण नक्सा पास दस्तुर (प्रति वर्ग फिट) | |
| २३ | १४२४२ | क वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | ८.०० |
| २४ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | ८.०० |
| २५ | १४२४२ | क वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | ७.०० |
| २६ | १४२४२ | ख वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | ८.०० |
| २७ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | ८.०० |
| २८ | १४२४२ | ख वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | ६.०० |
| २९ | १४२४२ | ग वर्गका भवन आवासीय(प्रति वर्ग फिट) | ६.०० |
| ३० | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | ७.०० |
| ३१ | १४२४२ | ग वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | ५.०० |
| ३२ | १४२४२ | घ वर्गका भवन आवासीय (प्रति वर्ग फिट) | ३.०० |
| ३३ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक(प्रति वर्ग फिट) | ४.०० |
| ३४ | १४२४२ | घ वर्गका भवन संस्थागत(प्रति वर्ग फिट) | ५.०० |
| | १४२४३ | सिफारिस दस्तुर | २००.०० |
| ३५ | १४२४३ | घरजग्गा नामसारी सिफारीस(० देखि ९ रोपनी सम्म) | २००.०० |
| ३६ | १४२४३ | घरजग्गा नामसारी सिफारीस(१० देखि १९ रोपनीसम्म) एकमुष्ट | २५०.०० |
| ३७ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (२० देखि ४९ रोपनीसम्म) एकमुष्ट | ४००.०० |
| ३८ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (५० रोपनीभन्दा माथि) | ८००.०० |
| ३९ | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी सम्म) | २००.०० |
| ४० | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी भन्दा माथि) | ३००.०० |
| ४१ | १४२४३ | सरजमिनसिफारीस दस्तुर | ४००.०० |
| ४२ | १४२४३ | छात्रवृतिसिफारीस | २००.०० |
| ४३ | १४२४३ | विपन्नअसहाय/विद्यार्थी छात्रवृति सिफारीस | निशुल्क |

| | | | |
|---|---|---|---|
| ४४ | १४२४३ | अपाङ्गताभएको सिफारीस | निशुल्क |
| ४५ | १४२४३ | अस्थायी बसोबास सिफारीस | २००.०० |
| ४६ | १४२४३ | स्थायीबसोबास सिफारीस | २००.०० |
| ४७ | १४२४३ | नागरिकतासिफारीस | २००.०० |
| ४८ | १४२४३ | विद्युतजडान सिफारीस | २००.०० |
| ४९ | १४२४३ | धाराजडान सिफारीस | २००.०० |
| ५० | १४२४३ | जीवितरहेको सिफारीस | २००.०० |
| ५१ | १४२४३ | दुबैनाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | २००.०० |
| ५२ | १४२४३ | व्यवसायबन्द सिफारीस | २००.०० |
| ५३ | १४२४३ | व्यवसायसञ्चालन नभएको सिफारीस | २००.०० |
| ५४ | १४२४३ | व्यापारव्यवसाय नभएको सिफारीस | २००.०० |
| ५५ | १४२४३ | नाबालकपरिचयपत्र सिफारीस | २००.०० |
| ५६ | १४२४३ | चौपायासम्बन्धी सिफारीस प्रति गोटा | ५०.०० |
| ५७ | १४२४३ | व्यवसायदर्ता सिफारीस | ५००.०० |
| ५८ | १४२४३ | व्यवसायठाउँसारी सिफारीस | १०००.०० |
| ५९ | १४२४३ | विद्यालयठाउँसारी सिफारीस | १०००.०० |
| ६० | १४२४३ | आन्तरिकबसाइसराइ सिफारीस | २००.०० |
| ६१ | १४२४३ | विद्यालयसञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस | १५००.०० |
| ६२ | १४२४३ | व्यक्तिगतविवरण सिफारिस | २००.०० |
| ६३ | १४२४३ | नवीकरण सिफारीस | ००.०० |
| ६४ | १४२४३ | जग्गादर्ता प्रमाणित सिफारीस | २००.०० |
| ६५ | १४२४३ | सुकुम्बासि सिफारिस | निशुल्क |
| ६६ | १४२४३ | संरक्षकसिफारीस व्यक्तिगत | २००.०० |
| ६७ | १४२४३ | संरक्षकसिफारीस संस्थागत | ५००.०० |
| ६८ | १४२४३ | नेपालसरकारकोनाममा बाटो कायम सिफारीस | २५०.०० |
| ६९ | १४२४३ | कोठाखोल्न कार्य रोहबरमा बस्नेसिफारीस | २००.०० |
| ७० | १४२४३ | निशुल्क स्वास्थ्य उपचारको सिफारीस | निशुल्क |
| ७१ | १४२४३ | सशुल्क स्वास्थ्य उपचारको सिफारीस | २००.०० |
| ७२ | १४२४३ | संस्थादर्ता सिफारीस | २००.०० |
| ७३ | १४२४३ | जग्गाधनीपुर्जा हराएको सिफारीस | २००.०० |
| ७४ | १४२४३ | अपुतालीसिफारिस | १०००.०० |
| | १४४२२ | व्यक्तिगत घटना दर्ता दस्तुर (घटना घटेको ३५ दिन पछि) | |
| ७५ | १४२४४ | जन्मदर्ता | २००.०० |
| ७६ | १४२४४ | मृत्यदर्ता | २००.०० |
| ७७ | १४२४४ | बसाइसराइ आउने दर्ता | २००.०० |
| ७८ | १४२४४ | बसाइसराइजाने दर्ता नगरपालिका बाहिर | २०००.०० |
| ७९ | १४२४४ | सम्बन्धविच्छेददर्ता | २००.०० |
| ८० | १४२४४ | विवाह दर्ता | २००.०० |

| | | | |
|---|---|---|---|
| ८१ | १४२४५ | नाता प्रमाणित दस्तुर | २००.०० |
| | १४२४९ | अन्य दस्तुर | |
| ८२ | १४२४९ | आर्थिकअवस्था बलियो वा सम्पन्नता प्रमाणित | २०००.०० |
| ८३ | १४२४९ | आर्थिकअवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क |
| | १४२४९ | जग्गामुल्याङ्कन प्रमाणित | ०.०५% |
| ८४ | १४२४९ | चारकिल्लाप्रमाणित | ४००.०० |
| ८५ | १४२४९ | घटना दर्ता प्रमाणित | २००.०० |
| ८६ | १४२४९ | घर बाटो प्रमाणित बाटो भएको | ५००.०० |
| ८७ | १४२४९ | घर बाटो प्रमाणित बाटो नभएको | ३००.०० |
| ८८ | १४२४९ | घर पाताल प्रमाणित | २००.०० |
| ८९ | १४२४९ | कागज/मञ्जुरीनामा प्रमाणित | २००.०० |
| ९० | १४२४९ | हकवालावा हकदार प्रमाणित | २००.०० |
| ९१ | १४२४९ | अविवाहित प्रमाणित | २००.०० |
| ९२ | १४२४९ | प्रतिलिपी दस्तुर | ५००.०० |
| ९३ | १४२४९ | नक्सा पास निवेदन फाराम दस्तुर | ५००.०० |
| ९४ | १४२४९ | सरसफाई शुल्क मासिक | ०.०० |
| ९५ | १४२४९ | सरसफाइ कार्डको दस्तुर | ०.०० |
| ९६ | १४२४९ | घरखाली गराउँदा प्रतिदिनको दस्तुर | ५००.०० |
| ९७ | १४२४९ | अंग्रजी भाषामा अनुवाद गरिएको सिफारिस | ७००.०० |
| ९८ | १४२४९ | संस्था दर्ता दस्तुर | १५००.०० |
| ९९ | १४२४९ | संस्था नवीकरण दस्तुर | १०००.०० |
| १०० | १४२४९ | सहकारी संस्था दर्ता दस्तुर | १५००.०० |
| १०१ | १४२४९ | सहकारी संस्था प्रतिवेदन विल्मब दस्तुर (बचत तथा ऋण र बहुउद्देश्य प्रकारका सहकारी) | २०००.०० |
| १०२ | १४२४९ | सहकारी संस्था प्रतिवेदन विल्मब दस्तुर (अन्य प्रकारको सहकारी) | १५००.०० |
| १०३ | १४२४९ | अन्य सबै प्रकारका सिफारीस वा प्रमाणित | २००.०० |
| १०४ | १४२४९ | माथि उल्लिखित सिफारीस रप्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना | १०.०० |
| १०५ | १४२४९ | नीजि विद्यालय सञ्चालन अनुमति सिफारिस प्राथमिक तह कक्षा १-५ | ५००.०० |
| १०६ | १४२४९ | नीजि विद्यालय सञ्चालन अनुमति सिफारिस आधारभूत तह ६-८ | ७००.०० |
| १०७ | १४२४९ | नीजि विद्यालय सञ्चालन अनुमति सिफारिस आधारभूत तह ९-१२ | ११००.०० |
| १०८ | १४२४९ | अमिन फिल्ड दस्तुर सबै वडामा | १५००.०० |
| १०९ | १४२४९ | सर्वाङ्ग स्वेदन (प्रति पटक) | ३००.०० |
| ११० | १४२२९ | शिरोधारा (प्रति पटक) तेल वाहेक | ३००.०० |
| १११ | १४२२९ | कटिवस्ती | २००.०० |
| ११२ | १४२२९ | नाडी स्वेदन | २००.०० |
| ११३ | १४२२९ | उरःवस्ती | २००.०० |
| ११४ | १४२२९ | जानुःवस्ती | २००.०० |

| | | | |
|---|---|---|---|
| ११५ | १४२२९ | नेत्र तर्पण | २००.०० |
| ११६ | १४२२९ | मन्जुश्री गुफा प्रवेश शुल्क नेपाली नागरिक | २५.०० |
| ११७ | १४२२९ | मन्जुश्री गुफा प्रवेश शुल्क विदेशी नागरिक | १००.०० |
| ११८ | १४२२९ | गुसेश्वर गुफा प्रवेश शुल्क नेपाली नागरिक | २५.०० |
| ११९ | १४२२९ | गुसेश्व गुफा प्रवेश शुल्क विदेशी नागरिक | १००.०० |
| १२० | १४२२९ | वशाहाथान गुफा प्रवेश शुल्क नेपाली नागरिक | २५.०० |
| १२१ | १४२२९ | बशाहा थान गुफा प्रवेश शुल्क नेपाली नागरिक | १००.०० |
| १२२ | १४२२९ | सूची दर्ता शुल्क | १०००.००/- |
| १२३ | १४२२९ | सहकारी संस्था नविकरण | १०००.००/- |
| १२४ | १४२२९ | समूह/फर्म दर्ता | १५००.००/- |
| १२५ | १४२२९ | समूह/फर्म नविकरण | ५००.००/- |

**अनुसूची-१७**
**(दफा १९ संग सम्बन्धित)**
**दण्ड जरिवाना तथा छुट (राजश्व शीर्षक-१४३१२)**

विशेष कानूनमा विशेष व्यवस्था भए भन्दा बाहेक प्रत्येक आर्थिक वर्षको वार्षिक तथा नविकरण शुल्क सोही आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा सोही वर्षमा लाग्ने करमा १० प्रतिशतले छुटको व्यवस्था गरिनेछ । तर प्रथम त्रैमासिक समाप्त भएपछि कर वा शुल्क नबुझाउने व्यवसायी फर्मले दोस्रो त्रैमासीकको लागि यथावततेस्रो त्रैमासिकको लागि १०%, अन्तिमत्रैमासिकको लागि १५%, र त्यसभन्दा पछि वार्षिक २५% थप जरिवाना गरि असुल उपर गरिनेछ । नक्सा पास नगराई घर निर्माण गरेको हकमा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिमको जरिवाना लाग्नेछ । तर यसरी जरिवाना तोक्दा नक्सा पास दस्तुर भन्दा बढी हुने छैन।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
मितिः- २०८३/०३/०७